# भ्रमण प्रतिवेदन

नामः महेन्द्र मान गुरुङ्ग

पदः प्रमुख सूचना आयुक्त

कार्यालयः राष्ट्रिय सूचना आयोग

कार्यक्रमको नामः स्थानिय तहमा सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी हुन ।

भ्रमण गरेको स्थानः तनहुं जिल्लाको व्यास नगरपालिका ।

भ्रमणको उद्येश्यः सूचनाको हक सम्वन्धी व्यवस्थाको प्रभावकारी कार्यन्वयन गर्न गराउन र सचेतना ।

भ्रमण अवधिः २०७८ चैत २४ देखि २६ गते सम्म

**टोलीमा संलग्न आयोगका अन्य पदाधिकारी तथा कर्मचारीः**

सचिव श्री भागीरथ पाण्डे

उपसचिव श्री कपिल प्रसाद उपाध्याय

शाखा अधिकृत श्री डिल्लराम भट्ट

लेखा अधिकृत श्री यज्ञराज उप्रेती

लेखापाल श्री लक्ष्मण अर्याल

नायब सुब्बा श्री हेमन्त रिजाल

**सूचनाको हक सम्बन्धी स्थानिय तह स्तरीय अन्तरक्रिया कार्यक्रम, व्यास नगरपालिका, तनहुं**

२०७८ चैत २५ गते शुक्रवार

कार्यक्रमको अध्यक्षताः राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्ग

प्रमुख अतिथिः व्यास नगरपालिकाका प्रमुख श्री बैकुण्ठ न्यौपाने

विशेष अतिथिः व्यास नगरपालिकाका उपप्रमुख श्री मिरा जोशी

राष्ट्यिय सूचना आयोगको आयोजनामा व्यास नगरपालिकामा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, सूचनको हकका अभियन्ता, सञ्चारकर्मीहरुका लागि सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । प्रमुख अतिथिको स्थानबाट नगरपालिकाका प्रमुख (मेयर) श्री बैकुण्ठ न्यौपानेले सूचनाको हक कानूनी राज्यको महतत्वपुर्ण अंग रहेको र यसको पालना हामी सवैको जिम्म्वारी

भएको भएको विचार व्यक्त गर्दै आफ्नो र नगरपालिकाको सूचनाको हक प्रति प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा नगरपालिकाका उपप्रमुख मिरा जोशीको पनि उपस्थिति रहेको थियो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले कार्यक्रमको अध्यक्षता गर्दै सूचनाको हक लोकत्रान्तिक पद्धति स्थापना पश्चात मात्र संविधानमा प्रवेश पाएको र जनआन्दोलन पश्चातको संविधान सभाका जनप्रतिनिधिहरुले लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सशक्त र अधिकारसम्पन्न बनाउन सूचनाको हक सम्बन्धी कानूनको आवश्यकता महसूस गरी कानून ल्याएको, विश्वमा १२९ भन्दा बढी देशमा सूचनाको हक सम्बन्धी कानून बनेको, शुसासन, जवाफदेहिता, पारदर्शिता कायम गर्न पनि आवश्यक भएको सन्दर्भका कारण यो कानून आएको हुंदा हामी सबै जिम्मेवार नागरिकले यसको प्रवर्द्धन एवं सम्वर्द्धनमा लाग्न आवश्यक भएको विचार व्यक्त गर्नु भयो । नागरिकले सवै सूचना माग गर्न पाउने, नागरिक आफै उपस्थित हुन नपर्ने, अनलाई सूचना माग्न तथा पुनरावेदन गर्न पाइने व्यवस्था गरिएको, सार्वजनिक निकायले दिन मिल्ने नमिल्ने कानून हेरि निर्णय गर्नुपर्ने, नागरिकको सम्मान गर्दै माग गरेको सूचना समयमा उपलव्ध गराउन पर्ने, सूचना मागकर्तालाई सहजीकरण गर्न पर्ने, सूचना माग्न आउनै नपर्ने वातावरण बनाउन स्वत प्रकाशन तथा सार्वजनिकिकरणमा जोड दिन पर्ने, पत्रकार सम्मेलनका माध्यमवाट सवै जानकारी गराई रहन पर्ने जस्ता सुझावहरु दिनु भयो ।  व्यास नगरपालिकाले स्वत प्रकाशन नियमित गरेको तथा बैठकका निर्णयहरु वेवसाइटमा राख्ने गरेको, अन्य विवरणहरु अद्यावधिक गर्ने गरेकोमा प्रशंसा गर्दै यसलाई नियमितता दिदैं थप विषयहरु पनि सार्वजनिक गर्दै जान अनुरोध गर्नुभयो । कार्यक्रममा सहभागिहरुवाट उठेका जिज्ञाशाहरुको पनि प्रमुख आयुक्त गुरुङ्गले जवाफ दिनु भएको थियो ।

आयोगका सचिव श्री भागिरथ पाण्डेले सूचनाको हकका वारेमा भएका संवैधानिक तथा कानूनी व्यवस्था, सार्वजनिक निकायको दायित्व, दण्ड सजायको व्यवस्था, सूचनाको हक प्रयोग गर्दा हुने फाइदा र आयोगले अन्तरक्रिया कार्यक्रमवाट अपेक्षा गरेका विषयहरुमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा तनहुं जिल्लाका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले कार्यालय प्रमुखको बैठकमा सूचनाको हक वारेमा छलफल हुने गरेको, कार्यालयहरुको वेवसाइट अपडेट नभएको प्रति छलफल गर्ने, सूचनाको हक कार्यन्वयनका लागि थप प्रयास गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले व्यास नगरपालिकाले सूचनाको हकलाई उच्च प्राथमिकता दिएको, माग भएको सूचना उपलव्ध गराउने गरेको, निर्णयहरु वेवसाइटमा राख्ने गरिएको, प्रेस सम्मेलन नियमित रुपमा हुने गरेको, सूचनाको हक कार्यन्वयनमा लागि रहने विचार व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा सहभागीहरुले सूचना माग गर्दा आफै उपस्थित हुन पर्ने नपर्ने, अनलाइन माग गर्न पाइने नपाइने, कतिपय निकायको वेवसाइट अपडेट नभएको, कतिपय कानूनी प्रावधान बाझिएको झै देखिने जस्ता जिज्ञाशा तथा सुझाव राख्नु भएको थियो ।

कार्यक्रम सञ्चालन आयोगका श्री डिल्लीराज भट्टले सञ्चालन गर्नु भएको थियो भने आयोगका उपसचिव श्री कपिलप्रसाद उपाध्यायले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको उद्येश्य माथि पैकाश पार्नु भएको थियो ।